# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०४।०१ गते।

# प्रेस विज्ञप्ति

**विषयः आर्थिक वर्ष २०७९/०८० मा आयोगबाट सम्पादन भएका प्रमुख कार्यहरूको प्रारम्भिक तथ्याङ्क समेटिएको संक्षिप्त विवरण ।**

### १. आयोगको संक्षिप्त परिचयः

- नेपालको संविधानको व्यवस्था बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेकोसम्बन्धमा कानुन बमोजिम अनुसन्धान गर्ने वा गराउने र दोषी देखिएमा अख्तियारप्राप्त अदालतमा आरोपपत्र दायर गर्ने कार्य गर्दै आएको छ।
- अख्तियार दुरुपयग अनुसन्धान आयोगले नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीतिक योजना, २०७६/७७-२०८०/८१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि २०७८, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारी तथा पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारसंहिता, २०७६, लगायतका कानुनहरू अन्तर्गत रही भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने कार्य गर्दै आइरहेको छ ।

  यसै सन्दर्भमा **आर्थिक वर्ष २०७९/८०** मा आयोगले सम्पादन गरेका मुख्य मुख्य कार्य तथा **प्रारम्भिक तथ्याङ्क समेटिएको संक्षिप्त विवरण** देहायबमोजिम रहेको छः

### २. आयोगको उपचारात्मक रणनीतिअन्तर्गतका कार्यहरूः

#### २.१. उजुरी र फछ्यौंटसम्वन्धी विवरणः

- आर्थिक वर्ष २०७९/८० मा आयोगमा बिभिन्न माध्यमवाट प्राप्त २०,३६८ तथा अघिल्लो आर्थिक वर्ष २०७८/७९ वाट जिम्मेवारी सरेर आएका ७,१६२ समेत कुल २७,५३० उजुरीहरु मध्ये १८,२४५ उजुरी फछ्यौंट भएका छन्, जुन कुल उजुरी संख्याको करिब ६६.२७% हुन आउँछ ।
- अघिल्लो आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०७९/८० को उजुरी, फछ्यौंट र विस्तृत अनुसन्धानको संख्याको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | आ.व. २०७९।८० | आ.व. २०७८।७९ |
|---|---|---|---|
| १ | उजुरी संख्या | २७,५३० | २४,३३१ |
| २ | फछ्र्यौट संख्या | १८,२४५ | १७,१६९ |
| ३ | फछ्र्यौट प्रतिशत | ६६.२७ | ७०.५६ |
| ४ | विस्तृत अनुसन्धानमा गएको | १,०७३ | ८२३ |

### २.२. अभियोजनसम्बन्धी कार्यहरूः

### २.२.१. आरोपपत्र दायरसम्बन्धी विवरणः

- आर्थिक वर्ष २०७९/८० मा १६२ मुद्दा सम्मानित विशेष अदालतमा दायर गरिएका छन् । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा आयोगवाट सम्मानित विशेष अदालतमा कुल १३१ वटा मुद्दाहरू दर्ता भएका थिए ।
- आर्थिक वर्ष २०७९/८० मा आयोगका जम्मा ७८ वटा बैठकबाट १२४६ वटा निर्णयहरु भएका छन्।
- आर्थिक वर्ष २०७९/८० मा विभिन्न शीर्षक अन्तर्गत दायर भएका मुद्दाको विवरण देहायबमोजिम छः

| शिर्षक | मुद्दा दायर संख्या | प्रतिवादीको संख्या |
|---|---|---|
| गैरकानूनी लाभहानी | ६४ | ४४२ |
| घुस (रिसवत) | ३२ | ४६ |
| सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | २७ | १५० |
| गैरकानूनी सम्पत्ति आर्जन (आ.व. २०७८/७९ मा ७ वटा रहेका) | १३ | २९ |
| नक्कली शैक्षिक प्रमाण-पत्र | ८ | ८ |
| राजस्व हिनामिना | ७ | ४६ |

| | | |
|---|---|---|
| विविध | ११ | ३९ |
| **कुल** | **१६२** | **७६०** |

- आर्थिक वर्ष २०७९/८० मा दायर भएका १६२ वटा मुद्दामा प्रतिवादीको संख्या ७६० रहेको छ, जसमध्ये विशिष्ट श्रेणीका राष्ट्रसेवक कर्मचारी १ जना, अन्य राष्ट्रसेवक कर्मचारी ३५५ जना, बिचौलिया/मतियार लगायत अन्य १७८ जना रहेका छन् भने निर्वाचित/मनोनित पदाधिकारीहरु जम्मा २२६ जना रहेका छन् । माथि उल्लिखित प्रतिवादीहरुवाट रू. १,७७,५८,४६,४३७ (अक्षरुपी एक अर्ब सतहत्तर करोड अन्ठाउन्न लाख छयालिस हजार चार सय सैंतिस मात्र) बिगो माग दाबी गरिएको छ।

### २.२.२. रंगेहात (Sting) कारबाहीः

- आर्थिक वर्ष २०७९/८० मा कुल रंगेहात (Sting) कारबाहीको संख्या ३७ रहेकोमा रंगेहात (Sting) कारबाहीमा परेका व्यक्तिमध्ये कुल राष्ट्रसेवक कर्मचारी ४० जना रहेका छन् । त्यसैगरी, ६ जना बिचौलिया/मतियार र ८ जना निर्वाचित/मनोनित पदाधिकारी परेका छन् ।

### २.२.३. पुनरावेदन सम्बन्धी कार्यः

- आर्थिक वर्ष २०७९/८० मा सम्मानित विशेष अदालतवाट ३४१ वटा फैसला प्राप्त भएकोमा आंशिक ठहर र सफाई पाएका मुद्दामध्ये २३७ वटा मुद्दामा आयोगले पुनरावेदन गरेको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा यसरी आयोगले कुल ५७ वटा मुद्दाहरूमा पुनरावेदन गरेको थियो ।

**कैफियतः** *प्रस्तुत तथ्याङ्क र विवरण आयोगको कार्यालय स्वचालन प्रणालीवाट लिइएको हो । आयोगको ३३ औं बार्षिक प्रतिवेदन तयार हुँदासम्म प्रस्तुत तथ्याङ्कमा केही फेरबदल समेत हुन सक्नेछ ।*

प्रवक्ता
भोला दाहाल